श्री

उच्च अदालत पाटन

वाणिज्य इजलास

इजलास नं. ४

माननीय न्यायाधीश श्री गणेश प्रसाद बराल

माननीय न्यायाधीश श्री राजुकुमार खतिवडा

आदेश

मुद्दा नं :०८२-CB-००५१

मुद्दा: बैंकिङ्ग कसूर।

नेपाल राष्ट्र बैंकका विज्ञ टोली तथा प्रहरी प्रतिवेदन समेतको जाहेरीले नेपाल सरकार.....वादी

विरुद्ध

अशोक शेरचन.....प्रतिवादी

निवेदनपत्रसाथ उपस्थित भएका प्रतिवादी अशोक शेरचनको बयान कार्य सम्पन्न भै अभियोग पत्रसहित मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री शान्ती प्रसाद शर्मा तथा प्रतिवादी अशोक शेरचनको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री कृष्ण प्रसाद सापकोटा, श्री माधव बास्कोटा, श्री रमण कुमार श्रेष्ठ, र श्री भिमसेन बन्जारा एवं विद्वान अधिवक्ताद्वय श्री धर्मराज रेग्मी र श्री रामकृष्ण लामिछानेले गर्नु भएको बहस समेत सुनियो।

यसमा यी प्रतिवादी अशोक शेरचनले विप्रेषण (Remittance) कारोबार गरेर प्रभु मनी ट्रान्सफर प्रा.लि. ले प्रभु बैंक लि.लाई भुक्तानी दिनुपर्ने व्याज रकमको सम्बन्धमा प्रष्ट रुपमा कैफियत देखाउँदा समेत विप्रेषण (Remittance) कारोबारको लागि प्रभु बैंक लि.लाई प्राप्त हुनुपर्ने व्याज रकम भुक्तानी नलिई बैंकलाई हानी नोक्सानी पुऱ्याई बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ९ र दफा १४ को को कसूर गरेकोले विगो रु.४,२६,५१,५३८।१२ (चार करोड छब्बीस लाख एकाउन्न हजार पाँच सय अठ्तीस

रुपैंया बाह्र पैसा) कायम गरी सोही ऐनको दफा १५ को उपदफा (२) को (घ) बमोजिम सजाय गरी पाउ भन्ने अभियोग दाबी रहेको देखिन्छ।

यसरी प्रतिवादी अशोक शेरचनले रेमिट्यान्स बापतको ब्याज रकम रु.४,२६,५१,५३८।१२ (चार करोड छब्बीस लाख एकाउन्न हजार पाँच सय अठ्तीस रुपैंया बाह्र पैसा) भुक्तानी नलिई प्रभु बैंक लि.लाई हानी नोक्सानी पुऱ्याएको भन्ने अभियोग दावी रहेको अवस्थामा उक्त अवधिको ब्याज जानी जानी नलिएको होईन भन्ने समेत निज प्रतिवादीको बयानमा उल्लेख भएको देखिन्छ। यसरी यी प्रतिवादी विरुद्धको अभियोग दाबीको प्रकृति, सह प्रतिवादीहरुको बयान, प्रस्तुत अभियोग दाबीसँग सम्बन्धित नेपाल राष्ट्र बैंकको प्रतिवेदन लगायत मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको आधारमा यी प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्नुपर्ने सम्मको अवस्था नहुँदा निज विरुद्धको प्रतिवेदन, कसूरको प्रकृति समेतलाई दृष्टिगत गरी पछि ठहरे बमोजिम हुने गरी हाल मुद्दा पुर्पक्षको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र दफा ७२ समेतको आधारमा प्रतिवादी अशोक शेरचनबाट नगद रु.१,५०,००,०००।— (एक करोड पचास लाख रुपैंया) वा सो बराबरको जेथा वा बैंक जमानत दाखिल गराई तारेखमा राख्नु। सो धरौट दाखिल नगरेमा कानून बमोजिम थुनुवा पूर्जि दिई थुनामा राख्न सम्बन्धित कारागारमा पठाइदिनू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत २०८३ साल असोज महिना २० गते रोज ३ शुभम्.....।

आदेश सुनी सही गर्ने

प्रतिवादी अशोक शेरचन